आज मिति २०७६ साल कार्तिक २४ गते आईतवारको दिन विहान १०:०० बजे नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावलको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक बसी तपशिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री हिरालाल पुन | वडा १ अध्यक्ष | | |
| ४. | श्री राम कुमार जैसी | वडा २ अध्यक्ष | | |
| ५. | श्री प्रचण्ड वली | वडा ३ अध्यक्ष | | |
| ६. | श्री लक्ष्मी बहादुर रावल | वडा ४ अध्यक्ष | | |
| ७. | श्री केशव प्रसाद शर्मा | वडा ५ अध्यक्ष | | |
| ८. | श्री पूर्ण बहादुर खड्का | वडा ६ अध्यक्ष | | |
| ९. | श्री अर्जुन बहादुर सिंह | वडा ७ अध्यक्ष | | |
| १०. | श्री गोविन्द शाही | वडा ८ अध्यक्ष | | |
| ११. | श्री विष्णु वि.क. | वडा ९ अध्यक्ष | | |
| १२. | श्री भद्र बहादुर ध्यार | वडा १० अध्यक्ष | | |
| १३. | श्री जित बहादुर मल्ल | वडा ११ अध्यक्ष | | |
| १४. | श्री लाल बहादुर खत्री | वडा १२ अध्यक्ष | | |
| १५. | श्री नरेन्द्र बहादुर शाही | वडा १३ अध्यक्ष | | |
| १६. | श्री राममाया हमाल | नगर कार्यपालिका सदस्य | | |
| १७. | श्री अस्मिता वि.क. | नगर कार्यपालिका सदस्य | | |
| १८. | श्री तारादेवि पुन | नगर कार्यपालिका सदस्य | | |
| १९. | श्री गोपी वि.क. | नगर कार्यपालिका सदस्य | | |
| २०. | श्री रुपा कुमारी ध्यार | नगर कार्यपालिका सदस्य | | |
| २१. | श्री काशिराम घर्ति | नगर कार्यपालिका सदस्य | | |
| २२. | श्री तिले वादी | नगर कार्यपालिका सदस्य | | |
| २३. | श्री नर बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | | |
| २४. | श्री सुरेन्द्र सिंह | नि.प्र.प्र.अधिकृत | | |

मिति : २०७६।०७।२४ गतेको वैठकको निर्णय

प्रस्तावहरु

१. स्वास्थ्य सेवाका समायोजन कर्मचारी सम्वन्धमा ।

२. प्राविधिक कर्मचारीको तलव सम्वन्धमा ।

३. सडक वोर्ड नेपालबाट विनियोजित बजेटको योजना छनौट सम्वन्धमा ।

४. समपुरक रकम विनियोजन गर्ने सम्वन्धमा ।

५. मुख्यमन्त्री रोजगार कार्यक्रमको योजना छनौट सम्वन्धमा ।

६. पशु तथा कृषिको तथ्यांक संकलन सम्वन्धमा ।

७. सहयोगी नियुक्ति सम्वन्धमा ।

८. सगुन सञ्चार प्रा.लि.संग सम्झौता गर्ने सम्वन्धमा ।

९. न्यायिक समितिको पोशाक रकम सम्वन्धमा ।

१०. आर्थिक सहायता सम्वन्धमा ।

११. विपद प्रतिकार्य तालिम सञ्चालन सम्वन्धमा ।

१२. हेलिप्याड निर्माण गर्ने सम्वन्धमा ।

१३. वेरुजु नियमित गर्ने सम्वन्धमा ।

१४. समपुरक योजना माग गर्ने सम्वन्धमा ।

नगर कार्यपालिकाको निर्णयहरु

निर्णय नं. १ :

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. १४४२ मिति २०७६।०६।३० को परिपत्र र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १४४ मिति २०७६।०४।१३ को पत्रानुसार यस नगरपालिकामा समायोजन भएका सम्पूर्ण नेपाल स्वास्थ्य सेवाका कर्मचारीहरुलाई हाजिरी गराई अपुग हुने तलव भत्ताको रकम सम्वन्धित निकायमा पत्राचार गरी माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. २ :

यस नलगाड नगरपालिकामा कार्यरत तपशिल बमोजिमका करार प्राविधिक कर्मचारीहरुको (नेपाल सरकारबाट स्वीकृत दरवन्दी) मासिक तलव भत्ता २०७६ श्रावण १ गते देखि नेपाल सरकारले निर्धारण गरी स्वीकृत गरे बमोजिम नै मिति २०७६ श्रावण १ देखि उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.स. | कर्मचारीको नामथर | पद | साविक तलव | नयाँ तलव स्केल | कैफियत |
|---|---|---|---|---|---|
| १. | मोहन मल्ल | ईञ्जिनियर | ३०५०० | ३५९९० | |
| २. | जनक खड्का | सव ईञ्जिनियर | २३५०० | २८२०० | |
| ३. | भिम बहादुर वली | कम्प्युटर अपरेटर | २३५०० | २८२०० | |
| ४. | ध्रुव सिंह | अमिन | १८००० | २६६१० | |
| ५. | भगवती जैसी | अ.स.ई. | २२१७० | २६६१० | |
| ६. | गणेश खत्री | अ.स.ई. | २२१७० | २६६१० | |
| ७. | जनक रावल | ह.स.चा. | १६००० | २२०१० | |

निर्णय नं. ३ :

सडक वोर्ड नेपालको पत्रसंख्या २०७६।७७ च.नं. मिति २०७६।०५।०५ गतेको प्राप्त पत्रानुसार यस नगरपालिका अर्न्तगत सडक मर्मतको लागि रु. २०,००,०००।० अक्षरुपी (वीस लाख) विनियोजन भएकोमा उक्त रकममा यस नलगाड नगरपालिकाबाट म्याचिंग हुने गरी तपशिल बमोजिमको सडक मर्मत योजना छनौट गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.स. | सडकको नाम | स्थान | लम्वाई कि.मि. | बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाउसेखोला खाल्चौर सडक मर्मत | नलगाड न.पा.४ | ४.० | २०,००,००० | |

निर्णय नं. ४ :

यस नलगाड नगरपालिकाको नगर सभाबाट स्वीकृत (पुजीगत खर्च) समपुरक कोष (कोड नं. ६०) बाट तपशिलको आयोजनाहरु निर्माणको लागि समपुरक रकम विनियोजन गरी कार्यसम्पन्न आयोजनाहरुको भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.स. | योजनाको नाम | स्थान | समपुरक रु. | कैफियत |
|---|---|---|---|---|
| १. | खानेपानी तथा शौचालय निर्माण (प्राथमिक स्वास्थ्य केन्द्र) | वडा नं. ७ | २,७५,००० | |
| २. | मानसिक स्वास्थ्य परामर्श केन्द्र (कार्यक्रमहरु सञ्चालन) | नगरक्षेत्र | ३,९२,००० | |
| ३. | खानेपानी तथा शौचालय निर्माण (स्वास्थ्य चौकी कैना) | वडा नं. ३ | ६,९४,००० | |
| | जम्मा रकम रु. | | १३,६१,००० | |

निर्णय नं. ५ :

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (कर्णाली प्रदेश) को पत्रसंख्या २०७६।७७ (सूचना तथा संचार समन्वय शाखा) को मिति २०७६।०७।०३ गतेको प्राप्त पत्रानुसार यस नगरपालिकाबाट आर्थिक वर्ष २०७६।७७ मा मूख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनको लागि तपशिल बमोजिमको योजनाहरु छनौट गरि पठाउने सर्वसम्मत निर्णय गरीयो ।

तपशिल

| क्र.स. | योजनाको नाम | स्थान | अनुमानित रु. | लाभग्राही | कैफियत |
|---|---|---|---|---|---|
| १ | शिवशंकर आ.वि.शौचालय निर्माण योजना | वडा नं. १ | ८००००० | ३२० | |
| २. | छेप्का देखि गरीसम्म घोरेटो बाटो निर्माण | वडा नं. २ | ४००००० | ४०० | |
| ३. | टट्टा नहकुली घोरेटो बाटो निर्माण | वडा नं. ३ | ५००००० | ३५० | |
| ४. | तिपतिपे मुहान देखि औल खानेपानी निर्माण | वडा नं. ४ | ९००००० | २२० | |
| ५. | भिरबाटी ऐरारी घोरेटो बाटो निर्माण | वडा नं. ५ | ५००००० | ३५० | |
| ६. | जनप्रिय प्रा.वि. भवन मर्मत | वडा नं. ६ | ७००००० | ४०० | |
| ७. | दल्ली देखि काँडादल्ली घोरेटो बाटो निर्माण | वडा नं. ७ | ५००००० | ३२० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | नमुना बस्ती फिल्ड निर्माण | वडा नं. ८ | ८००००० | २५० | |
| ९. | झाँगे बराँते खानेपानी मर्मत योजना | वडा नं. ९ | ६००००० | ३६० | |
| १०. | कोठिहाल्ला देखि रावतगाउँ घोरेटो बाटो निर्माण | वडा नं. १० | ७००००० | ३०० | |
| ११. | डाँडामाथि भगवती मन्दिर फिल्ड निर्माण योजना | वडा नं. १२ | ८००००० | ६०० | |
| १२. | सामुदायिक स्वास्थ्य एकाई फिल्ड निर्माण | वडा नं. १३ | ८००००० | ९०० | |
| जम्मा आयोजना | | | ८०००००० | ४७५० | |

निर्णय नं. ६ :

यस नलगाड नगरपालिका अर्न्तगत पशुपंक्षी र कृषिको तथ्यांक संकलन गर्ने उक्त तथ्यांक संकलनको लागि सम्वन्धित विषयगत शाखाहरुलाई जिम्मेवारी दिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ७ :

नलगाड नगरपालिकाको नलगाड यान्त्रिक उपकरणहरु संचालन सम्वन्धी कार्यविधि, २०७५ को दफा ७ को उपदफा (१) दिएको अधिकार प्रयोग गरी १ जना सहयोगी कर्मचारी नियुक्ति गर्ने र छनौट हुने सहयोगी कर्मचारीको मासिक तलव रु. १०,०००।० (दश हजार) मात्र उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ८ :

यस नलगाड नगरपालिकाको बार्षिक विकास निर्माणका गतिविधिहरु मिति २०७६ मंसिर देखि २०७७ आषाढसम्म नेपाल टेलिभिजनबाट प्रशारण गर्नको लागि सगुन प्रा.लि. कोहलपुर बाँकेसँग मासिक रु. ५०,०००।० (पचास हजारमा) दरले सम्झौता गरी ८ महिनाको लागि समपुरक रकम (कोड नं. ६०) बाट रु. ४,००,०००।० अक्षरुपी चारलाख मात्र विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ९ :

नलगाड नगरपालिका न्यायिक समितिका संयोजक र सदस्य समेत ३ जनालाई पोशाक खर्च वापत जनही रु. १०,०००।० अक्षरुपी दश हजारको दरले ३०,०००।० अक्षरुपी (तीस हजार) मात्र रकम उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १०

नलगाड नगरपालिकाको आकष्मिक कोषबाट तपशिल बमोजिमका व्यक्तिहरुलाई आर्थिक सहायता वापत रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| क.स. | व्यक्तिहरुको नामथर | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | गोपी वि.क. | नलगाड न.पा. ६ जाजरकोट | ५०,००० | |
| २. | वीर बहादुर दमाई | नलगाड न.पा. ३ जाजरकोट | ५,००० | |
| ३. | लालसरी वि.क. | नलगाड न.पा. ३ जाजरकोट | ५,००० | |
| ४. | जयादेवी कामी | नलगाड न.पा. ६ जाजरकोट | १०,००० | |
| ५. | सोमराज शाही | नलगाड न.पा. ५ जाजरकोट | १०,००० | |
| | जम्मा रु. | | ८०,००० | |

निर्णय नं. ११

ज्वालादल गण जाजरकोटको प्राविधिक सहयोग र नलगाड नगरपालिकाको आर्थिक सहयोगमा मिति २०७६।०८।०३ देखि २०७६।०८।०६ सम्म नलगाड न.पा. वडा नं. ७ दल्लीमा सञ्चालन हुने सामुदायिक विपद प्रतिकार्य तालिमको लागि पुजीगत खर्चको समपुरक रकम (कोड नं. ६०) बाट रु. १,५०,०००।० अक्षरुपी एकलाख पचास हजार विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १२

नलगाड नगरपालिकाको तपशिल बमोजिमको स्थानहरुमा हेलिप्याड निर्माणको लागि समपुरक रकम (कोड नं. ६०) बाट तपशिल बमोजिम रकम विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क.स. | हेलिप्याडको नाम | स्थान | विनियोजन रु. | कैफियत |
|---|---|---|---|---|
| १. | दल्ली हेलिप्याड निर्माण | नलगाड न.पा. ७ जाजरकोट | १,००,००० | |
| २ | तल्लुवगर हेलिप्याड निर्माण | नलगाड न.पा. १२ जाजरकोट | ५०,००० | |
| | जम्मा रु. | | १,५०,००० | |

**निर्णय नं. १३:** महालेखापरीक्षकको कार्यालय डोरमुकाम जाजरकोटको च.नं. ४२ मिति २०७६।०६।०९ गतेको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर दफावार छलफल भई उक्त प्रतिवेदनमा उल्लेखित नियमित गर्नुपर्ने बेरुजुहरु नियमित गर्न मिति २०७६।०५।१० गतेको नगर सभाको निर्णयले नलगाड नगरपालिकाको आर्थिक कार्यविधि ऐन, २०७५ को दफा ३० बमोजिम नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गरेकोले नियमित गर्न नगर प्रमुखलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १४:** यस नलगाड नगरपालिका अर्न्तगत तपशिल बमोजिमको योजना निर्माणको लागि कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयसंग कर्णाली प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधि, २०७५ (संसोधन सहित) बमोजिम समपुरक अनुदान वापत आवश्यक रकम विनियोजनको लागि अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क.स. | आयोजनाको नाम | स्थान | लाभग्राही | कैफियत |
|---|---|---|---|---|
| १. | नगर कार्यपालिकाको भवन निर्माण | वडा नं. ७, दल्ली | २५००० | निर्माणाधिन, बजेटको अभाव |

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
नगर प्रमुख